भ्रामक समाचार, हल्ला र अफवाहहरुले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



कतार एयरवेजको उडानबाट बिहीबार काठमाडौं फर्काइएका नेपाली
स्रोत: https://nepalkhabar.com/society/22462-2020-03-20-12-43-32




## पालना गर्नैपर्ने नियमहरु

- झुठा र भ्रामक समाचार नफैलाउने, यस बिरुद्द सरकारले कडा कारवाही गर्नेछ ।
- अत्यावस्यक बाहेकका काम घरमै बसेर गर्नुहोस
- दैनिक उपभोग्य सामाग्रिको कृतिम अभाव सृजाना नगर्ने ।

## जनताको माग

### सरकारले चाल्नुपर्ने कदमहरु


- कोरोना भाईरस सम्बन्धी महत्वपुर्ण जानकारीलाई सहज बनाउन केन्द्रिकृत अनलाईन पोर्टलको निर्माण गर्ने ।
- कोरोना भाईरस परिक्षण गर्न प्रदेश स्तरमा सुविधासम्पन्न प्रयोगशालाको स्थापना गर्ने ।

# हल्ला - तथ्य



अहिले जताततै सामाजिक सञ्जालमा कोरोना भाईरस सम्बन्धी त्रास फैलाउने अपुष्ट समाचार देखिन्छन् । यस्ता भ्रम सिर्जना गर्नेलाई सरकारले केही गर्दैन ?

सर्वसाधारण नागरिकमा भ्रम सिर्जना गर्ने वा त्रास फैलाउने गरी कुनै पनि सञ्चार माध्यम (सामाजिक सञ्जाल) बाट भ्रामक एवं आधारहिन अभिव्यक्ति दिएमा प्रचलित कानुन बमोजिम कडा कारवाही गर्ने सरकारले अडान लिएको छ ।



नेपालमा कोरोना भाईरसको संक्रमण फैलियो भने परिक्षण गर्न प्रयाप्त उपकरण, जनशक्ति र तयारी छैन भन्छन् नि ।

कोभिड - १९ को फैलावटको अवस्था पत्ता लगाउन Diagnostic Test को दायरालाई बढाई हालको मापदण्डमा बढि उमेर समुहका शंकास्पद व्यक्ति, अन्य रोग प्रताडित जोखिममा रहेका बिरामि र सम्भावित संक्रमणको आशंका लागेका स्वास्थ्यकर्मिलाई पहिलो प्राथमिकतामा राखि नमुना परिक्षण गर्ने तयारी सुरु गरिएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा कम्तिमा २०,००० (विस हजार) नमुनाको परिक्षण गर्न आवश्यक तयारी सुरु गरिएको छ । त्यसै गरेर बीर अस्पताल, धुलिखेल अस्पताल तथा बी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा पनि प्रयोगशाला स्थापना गर्ने गरी आवश्यक तयारी सरकारले सुरु गरेको छ ।



कतार सरकारले सबै नेपाली कामदारलाई फिर्ता पठाकउँदै छ रे ? के नेपालमा फिर्ता भएका सबै नेपालीलाई परिक्षण गर्नसक्ने र क्वारेन्टाईनमा राख्न सक्ने क्षमता छ त ?

समाचार स्रोतका अनुसार कतार सरकारले तोकेको नियमको उलंघन गरेका मध्ये थप १५० जनालाई पक्राउ गरेर नेपाल फिर्ता पठाएको हो । यस अघि पनि २५० जना नेपालीलाई भिडभाडमा गएको भनि पक्राउ गरेर नेपाल फिर्ता पठाईसकेको छ । समग्रमा जम्मा ४०० जना नेपालीलाई मात्र कतार सरकारले नेपाल फिर्ता पठाएको छ ।



अर्थ मन्त्रिले नेपालमै रोजगारी दिने भन्नुभयो । कसरी पाईन्छ होला ? के सबै बेरोजगारलाई जागिर दिन्छ त सरकारले ?

कोरोना भाइरसका कारण वैदेशिक रोजगारीमा जानबाट बञ्चित भएका नेपाली युवाहरूलाई सरकारले रोजगारी दिने भनेको छ । कार्यालयमा बसेर गर्नुपर्ने काम भन्दा पनि दैनिक ज्यालादारी गर्न ईच्छुक युवाहरूलाई सरकारले प्रधानमन्त्रि स्वरोजगार कार्यक्रम अन्तरगत रोजगारी दिने जनाएको छ ।

## सूचनाका स्रोतहरू

विश्व स्वास्थ्य संगठन

स्वास्थ्य र जनसंख्या मन्त्रालय

आपतकालीन सम्पर्कहरूको सूची

सुरक्षित हुन के गर्ने

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

नेपाल श्रम शक्ति सर्वेक्षण



# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

**साउदी अरब**
३,५२,६६७ नेपाली
२३८ संक्रमित

**कुवेत**
८२,६३० नेपाली
१४२ संक्रमित

**बहराईन**
२८,२७६ नेपाली
२४२ संक्रमित

**कतार**
४,३७,००९ नेपाली
४४२ संक्रमित

**युएई**
३,५२,६६७ नेपाली
११३ संक्रमित
२ नेपाली संक्रमित

**मलेसिया**
४,६९,१३१ नेपाली
६७३ संक्रमित

**दक्षिण कोरिया**
५३,६९१ नेपाली
८४१३ संक्रमित




### दक्षिण कोरिया

दक्षिण कोरीयामा कार्यरत नेपाली कामदार कोरोना भाईरसको त्रासका कारण चाहेर पनि स्वदेश फर्कन सकेका छैनन् । कम्पनीले घर बिदा वा कम्पनी छोड्ने अनुमती नदिदासम्म घर फर्कन पाउदैनन् । डेढ वर्षदेखी दुतावास राजदुत बिहिन भएका कारण उनिहरु अँझै समस्यामा परेका हुन् ।

## वैदेशिक रोवगारी मा रहेका नेपालीबिचको त्रास:



कोरोना भाईरस संक्रमित हुनु

बलजफ्ती नेपाल फकाईनु

रोजगारीबाट निकालिनु

परिवारसंग सम्पर्क बिच्छेद र मानसिक आघात हुन

accountabilitylab NEPAL

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19 हटलाईन सेवा

**सरकारी हटलाईन**
विहान ८:०० देखी बेलुका ८:०० सम्म
९८५१२५५८३९
९८५१२५५८३७
९८५१२५५८३४

**नि:शुल्क हटलाईन**
विहान ८:०० देखी बेलुका ८:०० सम्म
१११५

### यसको परिक्षण कहाँ हुन्छ?

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला (NPHL) टेकु, काठमाण्डौमा गरिन्छ । संकासपद् बिरामिलाई isolation मा राख्नुपर्ने भएकोले नमुना सम्बन्धीत स्वास्थ्यकार्यालयले संकलन गरेर प्रयोगशालामा पठाउनु पर्ने छ ।

### बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

### रिपोर्ट आउन कति समय लाग्छ?

नमुना प्रयोगशालामा पठाएको २४ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ । रिपोर्ट पोजेटिभ देखिएमा सम्बन्धीत अस्पताल र डाक्टरलाई तुरुन्त खबर गरिन्छ ।

यो अंकमा समेटिएका सूचनाहरु बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि मार्च महिना भित्र १२७६ जना व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities